

# नागरिक संजाल र विपद न्यूनीकरण

Funding Support: Governance Facility (GF)


"Supporting Women in Nepal to Rebuild their Lives after Disaster Project"
गा.वि.स.स्तरीय अन्तरक्रिया कार्यक्रम




Interaction Program
26th June 2018, Kathmandu
ISET-N
actionaid
NEPAL

# परिचय

नेपालको संबिधान २०७२ को भाग ३ मा नेपाली जनताको मौलिक हक र कर्तव्यको कुरा अन्तर्गत धारा १७ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हात हतियार भेला हुन सक्ने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रताको कुरा उल्लेख छ। संविधानले दिएको यही हक अन्तर्गत व्यक्ति वा संथाहरू मिलेर कुनै निश्चित उद्देश्य प्राप्तिको लागि कुनै संजाल (Net work) गठन गरेर काम गर्न सक्छन्। विश्वका अन्य देश लगायत हाम्रा छिमेकी राष्ट्रहरूमा पनि यो प्रावधान छ। साथै कानूनमा गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्ने भनेर संजालको अस्तित्व स्विकार गरि संजालको र गैससहरूको भूमिका समन्वय कर्ताको रूपमा रहेको समेत अवगत गराइएको छ।

वास्तवमा व्यक्ति, परिवार, समाज, संस्थाहरू आपसमा जोडिएर बस्नुनै सञ्जालीकरण हो, तर त्यसको निश्चित उद्देश्य हुनुपर्छ, नत्र जोडीरहनुको कुनै अर्थ रहदैन। अर्थात् सञ्जाल भनेको धेरै व्यक्ति वा संस्थाहरू साझा उद्येश्य हासिल गर्ने क्रममा एकआपसमा मिलेर कामगर्ने सहमतिको एउटा मूर्त रूप हो। कतिपय संस्था र निकायहरू सँग क्षेत्रगत विज्ञता वा दक्षता हुन्छ, कतिपय संस्था वा निकायको व्यवस्थापकीय शीप तथा क्षमता हुन्छ भने कतिपय संस्था वा निकायहरू नीतिगत व्यवस्थापन र नीति निर्माणमा निपूर्ण हुन्छन्। सञ्जालीकरण गर्दा यी सबैलाई एकैसाथ वा क्रमशः वा पालैपालो सेवामा लगाउँदा संगठित क्षमता बढ्नजान्छ। हरेक संस्था र निकायहरूको आ-आफ्नै भूमिका र योगदान देखाउन समेत सकिने हुनाले स्थानीयतहमा शासन व्यवस्थापनलाई प्रभावकारी एवम् जनमूखी वनाउन सञ्जालीकरण महत्वपूर्ण हुन्छ।

सञ्जालीकरण समय परिस्थितिले ल्याएको नयाँ माग हो। यस्तो मागलाई सम्बोधन गर्ने उद्येश्यले गरिने सञ्जालीकरण प्रकृति मिल्दो, लक्ष्य वा उद्येश्य समान भएकासँग गर्दा प्रभावकारी र सफल हुन्छ। नेपालमा हाल गैर काष्ठ वन पैदावार, महिला अधिकार, मानव अधिकार, नागरिक समाज, दलित हकहित, विपद व्यबस्थापन आदि क्षेत्रमा देखिएका संजालहरू संगठित रूपमा अगाडी बढेका देखिएका छन्।



# विपदमा संजालले खेल्न सक्ने भूमिका

विपद व्यबस्थापन वा न्यूनीकरणको कार्यहरूको गर्दा स्थानीय तहको आवधिक, वार्षिक योजनाहरू बनाउन संजालले सहजिकणको भूमिका खेल्न सक्छ । बिपद्संग सम्बन्धित सुशासनका कुरा, वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकूलनका, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयमा संजालको सहयोग प्रभावकारी रहन सक्छ । संजालले विपद् व्यवस्थापनको कानुनी र प्रतिकार्य सम्बन्धी काममा गैरसरकारी संस्था, नीजिक्षेत्र एवम् स्थानीय समुदायलाई संलग्न गर्ने, गराउने तथा तिनीहरूको काममा समन्वय एवम् सहजीकरण गर्ने कुरा कानुनमानै किटान गरिएको छ ।



# नेपालमा विपद र एन्कार (NCARR)

नेपालमा संजाल को भूमिकालाई दृष्टिगत गरेर बिपद न्यूनीकरणमा सहयोग पुग्ने हेतुले National Citizens Alliance for Reconstruction and Recovery-NCARR नामक एउटा यस्तै खाले संजाल गठन भएको छ । 'समुदायको अगुवाइमा सुशासनको असल अभ्यास पेल्साप परियोजना (People Led Solutions for Better Accountability Practices - PELSAP)' अन्तर्गत बिपदमा जवाफदेहिता र पारदर्शिताको पक्षलाई सबल बनाउने यस अन्तर्गत हुने विभिन्न कार्यक्रमहरू मद्धे २०१६ मा एउटा संजालको गठन भयो जसको नाम पुनर्निर्माण र पुनर्स्थापनाको लागि राष्ट्रिय संजाल (NCARR) रहेको छ, र संजालले विभिन्न कार्यक्रमहरू गर्दै आएको पनि छ । यो संजाल राष्ट्रिय तहमा एउटा र परियोजना लागु भएका चारवटा जिल्लामा जिल्ला नागरिक संजालको रूपमा केहि गाउँ वा नगरपालिकाहरूमा कार्यरत छ । केन्द्रमा गठन भएको संजालमा केहि अन्तराष्ट्रिय र राष्ट्रिय गैसस र जिल्ला स्थित गैससको प्रतिनिधित्व छ भने जिल्लाहरूमा सम्बन्धित क्षेत्रका अगुवाहरूलाई समेटेर गठन गरिएको छ । एन्कार को गठन गरिंदा स्पष्ट उदेश्यका साथ जिम्मेवारी र संचालन कार्यविधि पनि उल्लेख गरिएको छ । जसमा संजालले भूकम्प लगायत बिपदमा काम गर्ने, विपदका सवालमा राज्यको कानून पारदर्शी र जवाफदेही बनाउने जस्ता कुरा उल्लेख छ, साथै समुदायलाई सुसुचित गर्ने, समुदायको हितमा योजना तर्जुमा गर्ने, स्थनीय श्रोत र क्षमता परिचालनमा मद्दत गर्ने र संजालको तर्फबता सक्दो योगदान गर्ने पतिबद्दता पनि जनाइएको छ । साथै विभिन्न क्षेत्रबाट प्राप्त सुझाव र सिफारिसहरु सरकार र नीति निर्माताहरू समक्ष पुर्याउने र भूकम्प लगायत अन्य बिपदमा सहजकर्ताको रूपमा काम गर्ने कुरा पनि उल्लेख छ । संजाललाई थप जिम्मेवार

बनाउन यसले विपद बहसमा योगदान दिने, नागरिक समाज र सरकारबीच सेतुको काम गर्ने र समुदायको अगुवाइमा भएको राम्रा कामहरूको संरक्षण गर्ने जस्ता कुराहरू पनि गरिएको छ ।

एन्कारले हाल सम्मको गरेका प्रगतिः

- PELSAP परियोजना मार्फत विपदको लागि राष्ट्रिय संजाल बनाउन बैठक सम्पन्न
- केन्द्रमा एउटा राष्ट्रिय संजाल र चारवटा जिल्ला स्तरीय संजाल गठन
- संजालको घोषणा पत्र, उद्देश्य, जिम्मेवारी र कार्य बिधि तयार
- राष्ट्रिय संजालको भेलाले आफ्नो रणनीति तयार
- जिल्ला स्तरीय संजालहरूको आ-आफ्नै बैठकहरू सम्पन्न
- जिल्ला स्तरीय संजालहरूको आ-आफ्नै केहि कार्यक्रमहरू सम्पन्न
- जिल्ला स्तरीय संजालहरूको काठमाडौंमा सम्पन्न बैठकमा कार्य प्रगति र समस्याहरू अवगत
- आइसेट नेपालद्वारा चारै जिल्लामा भएका संजालका कार्यक्रमको अनुगमन तथा मुल्यांकन तथा सल्लाह सुझाव प्रस्तुत
- राष्ट्रिय संजालको काठमाण्डौंमा सम्पन्न बैठकमा कार्य प्रगति र समस्याहरू अवगत, र संजालका दिगोपन र निरन्तरता माथि छलफल
- राष्ट्रिय संजालद्वारा काठमाडौंमा सम्पन्न शहरी बालबालिका र विपद व्यबस्थापन सम्बन्धि गोष्ठीमा सह प्रायोजन

## एन्कारका समस्याहरू

यस्ता प्रकृतिका संजालहरू देशमा थुप्रै गठन भएका छन्, विभिन्न उदेश्यहरूका साथ । कतिपय संजालहरू गठन भएर काम गरिरहेको भए पनि उनीहरूले भने अनुसार गर्न र गराउन सकिरहेका छैनन् । एन्कारले पनि भने अनुसार काम गर्न नसकिरहेको अनुभव भएको छ । एन्कारले नया कार्यक्रमहरू ल्याउन पर्यो, आफ्नै क्षमता वृद्धि गर्नु पर्यो अनि कार्यक्रमहरूमका नियमित अनुगमन तथा मुल्यांकन गर्नुपर्यो भन्ने जस्ता कुराहरू नउठेका होइनन् । तर यसका पनि आफनै समस्याहरू रहे । यो स्थापना हुँदा यसका केहि सिमितताहरू थिए । प्रोजेक्ट अवधि भर काम गर्ने र न्यून बजेटमा रही काम गर्नु पर्ने यसको बाध्यता रह्यो ।

संजालमा प्रतिनिधित्व गर्ने संस्थाका पदाधिकारीहरूको काय व्यस्तता, काम गर्न सिमित बजेट हुनुको साथै साधन श्रोतको अभाव हुनु र जिल्लाहरूमा संजाललाई कानुनी रूपमा दर्ता नभएको भनेर हेरिनु आदि यसका कमजोरी पक्ष हुन् । यद्यपी संजाल एउटा खुकुलो संगठन (loose network) भएको हुनाले यो गठन गर्न र सहजकर्ता भएर काम गर्न कानूनी रूपले दर्ता हुन आवश्यक छैन । त्यस्ता कुराहरू जिल्ला तहमा राम्ररी बुझाउन सकिएको पनि छैन । साथै स्थायित्वको अथवा निरन्तरताको प्रश्न पनि अगाडी उभिएका

छन् । कतिपय संस्था वा व्यक्तिहरूले एन्कार लाई एउटा अभियान वा प्रक्रियाको रूपमा हेर्नुको सट्टा यसलाई प्रोजेक्टको रूपमा हेर्नु पनि यसका थप समस्या हुन् । जिल्लाहरूबाट चाँहि भौगोलिक कठिनाई, मान्यताको समस्या (सरकार र समाजले), आर्थिक कठिनाई, बाहिरी प्राबिधिक सहयोगको अभाव, बहुजोखिम विपद बारे कम जानकारी, सुचनाको पहुचमा कठिनाई जस्ता गुनासाहरू आएका छन् ।

## आगामी दिनमा एन्कारले खेल्न सक्ने केहि भूमिका

- स्थानीयतहमा अहिले 'विपदमा कसरी काम गर्ने' भन्ने अन्यौल छ । स्थानीय तहमा एन्कारका उपस्थिति र भूमिका बारे जानकारी गराउने ।
- मिल्दो कार्यप्रकृति र सम्बन्धित क्षेत्रका सञ्जालहरूसँग सम्पर्क र सहकार्य अगाडी बढाउने ।
- जिल्लास्तरीय समन्वय बैठक छलफल आदिमा स्वयंसेवी सहभागिता बढाउने ।
- सरोकारका विषयलाई व्याबसायिक ढङ्गले प्रस्तुत गर्ने ।
- नीतिहरूमा भएका र हुने परिवर्तन बारे चासो राख्ने ।
- जिल्ला समन्वय समितिको समन्वयकारी भूमिका प्रवर्द्धनमा सहयोग गर्ने ।
- विपद न्यूनीकरण र ब्यबस्थापन सम्बन्धि राष्ट्रिय र स्थानीय स्तरमा चेतना फैलाउने
- जननिर्वाचितहरूको क्षमता वृद्धि गर्न पहल गर्ने
- बिपदमा काम गर्ने बिभिन्न संघ संस्थाहरूलाई एकै ठाउमा राख्ने र कामको दोहोरोपन हटाउन मद्दत गर्ने
- झन्झटिलो कार्यविधिलाई सरलीकृत गर्न सहयोग गर्ने
- राष्ट्रिय तहमा नीतिनिर्माणमा सहयोग गर्ने
- योजना निर्माण तथा श्रोत परिचालन मा सहयोगीको भूमिका खेल्ने
- नागरिक समाजको परिचालनमा गर्ने
- आवश्यकता अनुसार पुंजी संकलन (Fund Raise) गर्ने
- साथै विचार मंच (Think Tank) को रूपमा बिपदमा बहस पैरवी गर्ने, आदि





# विपदमा अगाडिको बाटो

बिपदमा काम गर्न विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन २०७४, विपद ब्यबस्थापन निर्देशिका २०७४, राष्ट्रिय विपद जोखिम न्यूनीकरण नीति २०७५ आइसकेको छ। साथै स्थानीय सरकार संचालन ऐन २०७४ पनि यस्तो कार्यमा सहयोग सिद्ध हुन सक्छ, मार्ग निर्देशक को रूपमा। पुरना विपद सम्बन्धि कानुनहरूलाई संशोधन वा प्रतिस्थापन गरेर यी नयाँ कानुन आएका हुन्। समय सापेक्ष कानुनहरू सम्शिधन हुनु पनि पर्छ। यस्ता कानुनहरूमा गैसस, उपभोक्ता समिति, सहकारी आदिले स्थानीय सरकारसंगको समन्वयमा रहेर काम गर्नु पार्ने हुन्छ। सरकारले कतिपय कुराहरू आफैले गर्न सक्दैन त्यस्तो अवस्थामा यस्ता संस्थाहर लयायत संजालहरूको पनि ठुलो भूमिका हुन्छ। यस्ता संजालहरूले जवाफदेहिता र पारदर्शिताको सवालमा स्थनीय निकाय संगै रहेर अनुगमन तथा मुल्यांकन गरि सरकारलाई घच्घच्यायो भने पनि ठुलो काम हुन्छ।

मानव सिर्जित होस वा प्राकृतिक, विपदमा वा विपदको पूर्व तयारीमा सबै जुट्नु आवश्यक हुन्छ नै। त्यस्तो जुटाई व्यक्ति व्यक्ति, परिवार परिवार, र संस्था संस्था बीच पनि हुन सक्छ। व्यक्ति व्यक्ति वा परिवार परिवार बीच भन्दा पनि संस्था संस्था बीचको जुटाई बढी प्रभावकारी हुन्छ किनभने संस्थाहरूसित जनसक्ति हुन्छ, योजना बनाउन सक्ने क्षमता हुन्छ र आवश्यक परे बिपद्लाई चाहिने श्रोत साधन जुटाउन पनि सक्छन। तर यस्ता संजालहरूले सम्बन्धित निकायहरूलाई विभिन्न किसिमले तवरहरूबाट घचघच्याउने, र समय सापेक्ष मार्ग निर्देशन गर्ने हो। यसमा आवश्यकता अनुरूप त्यस्ता संजालहरू राष्ट्रिय, प्रादेशिक र स्थानीय टहरुमा विकास र विस्तार गर्दै लग्ने जस्ता महत्वपुर्ण कामहरू पनि साथ साथै लग्नु पर्दछ।

संजालको महत्वलाई बुझेर एन्कारमा कार्यरत संस्थाहरूले पनि परियोजना पश्चात पनि यसलाई निरन्तरता दिने, यसको स्वरूपमा आवस्यकता अनुसार फेर बादल गर्ने (विज्ञहरूको सहभागिता जुटाएर) र यो विपद ब्यबस्थापन तथा न्यूनीकरणको क्षेत्रमा पहरेदारको रूपमा रही रहने तर राजनीतिको प्रभावबाट टाढा रहेर एउटा स्वतन्त्र निकायको रूपमा कार्यगर्ने गरि अगाडी बढ्ने भने यसको भविष्य राम्रो छ। परियोजना पश्चात पनि यसले निरन्तरता पाउनु पर्छ। किनभने यो भर्खर बामे सर्ने अवस्थामा पुगेको छ र विपद ब्यबस्थापनको क्षेत्रमा यसले धेरै काम गर्ने लक्ष लिएर अगाडी बढेको छ ।

सन्दर्भ सामाग्रीहरू:

- नेपालको संबिधान २०७२
- विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन २०७४
- विपद ब्यबस्थापन निर्देशिका २०७४
- राष्ट्रिय विपद जोखिम न्यूनीकरण नीति २०७५

## ActionAid Nepal

ActionAid is a global justice federation working to achieve social justice, gender equality and poverty eradication. ActionAid Nepal is a member of the federation, working for human rights, anti-poverty and gender equality. It is a non-governmental national social justice organisation established in 1982 and working locally in different provinces of Nepal. It is also a part of both national and global social justice movement and other civil society networks, alliances and coalitions.


COUNTRY OFFICE
Apsara Marga, Lazimpat
Ward No. 3, Kathmandu, Nepal
P.O. Box. 6257
Tel.: 977-1-4002177
Fax: 977-1-4002118
Email: mail.nepal@actionaid.org

EASTERN RESOURCE CENTRE
Panchali, Ward No. 16
Biratnagar, Morang, Nepal
Tel.: 021-470575, 471637
Fax: 021-472635
Email: infoerc.nepal@actionaid.org

WESTERN RESOURCE CENTRE
Karkando, Shantinagar, Ward No. 2
Nepalgunj, Banke, Nepal
Tel.: 081-551198, 551366
Email: infowrc.nepal@actionaid.org

www.actionaid.org/nepal

www.facebook.com/actionaid.nep

www.twitter.com/actionaidnep

www.youtube.com/c/actionaidnepal1982